सन्देश जनप्रिय
Sandesh Janapriya Weekly साप्ताहिक
सि.जि.प्र.द.नं. १७ जि.हु.द.नं. २८
❖ वर्षः- २१ ❖ अङ्कः- १४ ❖ २०८० कार्तिक २२ गते बुधबार(8 Oct 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-

प्रो. राजन भुजेल
047-520836, 9844015867
Email:-rajanbhujel111@gmail.com
आर.एन. ट्रेर्डस एण्ड सप्लायर्स
कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली


यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्बन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ्ग सामानहरु पाइनुका साथै पशुपति पेन्टस् सुपथ मूल्यमा पाईन्छ।

# सिन्धुलीको राजनीतिले आशा नदेखाएपछि विदेशीदै युवाहरु



□ दिपेश बराल

**सिन्धुली**/ केहि बर्ष अगाडिसम्म सिन्धुलीको एमालेको राजनीतिमा राम्रै सँग आफुलाई उभ्याएको, कलेजमा पढाएर आफुलाई बौद्धिक जमातमा पनि चिनाएको, बैंक इन्स्योरेन्स क्षेत्रमा पनि आफुलाई सफल नेतृत्व प्रदान गरेको, केही ब्यबसायमा लगानी गरेर मनग्गे पैसा कमाइरहेका टीकाजंग थापा डिभी परेर सपरिवार अमेरिका उडे।

त्यस अगाडिनैं अखिलको राजनीतिमा सिन्धुली बहुमुखी क्याम्पसमा स्थापित गरेको २२ बर्षे ठिटो शिव पहाडी र नेबि संघको राजनीतिमा चर्चित नाम वसन्त गौतम जस्ता दुई क्षमतावान युवा अहिले अमेरिकी नागरिक बन्ने तरखरमा छन्। केही दिन अगाडि सिन्धुलीको राजनीतिमा आफुलाई अब्बल साबित गर्दै निष्ठाको राजनीति गरिरहेका नेबिसंघ सिन्धुलीका जिल्ला सभापति एबं जिल्ला समन्वय समितिका सदस्य एबं प्रवक्ता पनि अमेरिकी डिभीका नाममा सपरिवार बिदेश उडे।

विदेशबाट फर्केर आएका युवाहरुलाई संगठित गरेर नेपालमा केही गर्नु पर्छ भन्दै लागिरहेको जोशिला युवा जीवन घिसिङले देह त्याग गरेको कहाली लाग्दो बिबरण सार्वजनिक भयो।

यी त प्रतिनिधि घटना मात्रै हुन्। बिकसित मुलुक अध्ययनको लागि जाने भनेर हिंडेका हिजो राजनीतिमा आफुलाई स्थापित गरिसकेका र आजको अबस्थामा मुलुक फर्केर आउने चाहाना नभएका त कति छन् कति। यसको मुख्य कारण





के होला ? आखिर किन सिन्धुलीको राजनीतिमा आशा लाग्दा युवाहरु पलायन हुँदैछन्, बिदेश भासिदैछन् ? युवाहरु का लागि राजनीति भन्दा किन बिदेशको जीवन प्राथमिकतामा पर्‍यो त ? यो विषय सिन्धुलीका कुनै पनि राजनैतिक दलका नेताको चिन्तनको विषय किन बन्न सकेन ? सबैभन्दा पहिला राजनीतिक दलका संरचनाको अध्ययन गरौं। नेपाली कांग्रेस, एमाले वा माओवादी केन्द्रको केन्द्र देखि वडा तहसम्मका कमिटीहरु क्रियाशिल छन्। तर ती कमिटीमा युवा सहभागीता त छ तर निर्णायक स्थानमा युवा सहभागीता नगन्य छ। नेकपा एमाले र माओवादीका अधिकाशं कमिटीका पदाधिकारीमा युवा सहभागीता नगन्य रुपमा देखिन्छ तर कांग्रेसको कमिटी पदाधिकारीमा युवाहरू निर्वाचित भएर आए तैपनि कांग्रेसमा सामुहिक निर्णय भन्दा पनि सभापति पद नैं शक्तिशाली हुने भएकाले निर्वाचित युवाको हबिगत पदमा मात्रै सिमित देखिन्छ। राजनीतिक दलले युवालाई निर्वाचनको बेलामा प्रयोग गरेता पनि संरचना निर्माण गर्दा प्रमुख स्थानमा युवा सहभागीता गराउनैं चाहादैनन् उनीहरु। आफ्नै बलले पुगेता पनि जम्मै बुढा मिलेर असफल बनाउन लागि हाल्छन्। सहयोग गर्दैनन्। बाहिरबाट नियालिरहेका युवाले छर्लङ्ग देखिसकेका छन् कि नेपालको राजनीतिक दलमा युवा मैत्री संरचना नहुनु नैं आजको युवाको चरम निराशाको बिषय हो।

अहिले जतिपनी युवा सहभागीताको कुरा आएको छ, निति निर्माण तहमा हस्तक्षेपकारी भूमिका प्रदान गर्ने भन्दापनी झारा टार्ने खालको मात्रै देखिन्छ।

शिक्षित राजनीतिक युवाको चाहना भनेको पार्टीलाई जनतासँग प्रत्यक्ष जोड्नु पर्छ भन्ने हुन्छ। जस्तै गाउँमा खानेपानीको चरम अभाव छ भने खानेपानीको दिगो समाधानका लागि युवाले पहिला अध्ययन गर्दछ, खानेपानीको स्रोत खोज्दछ, न्यायो चित बितरणको प्रणाली बिकास गरेर रिजर्भ ट्याङ्की मार्फत पानी समान बितरण गर्दछ तर बर्षै पिच्छे मन परेका मान्छेलाई मात्रै पाइप बाँडेर भोटको राजनीतिनैं बिकास भन्ने सोचेको पुरानो मानसिकताले खाने पानीको हाहाकार छ पाइप किनेर बाँडिहालौं त भन्ने ● बाँकी २ पेजमा

# बिमा बोर्डले रकम नदिएपछि सिन्धुली अस्पतालमा समस्या

**सिन्धुली** /स्वास्थ्य बीमा बोर्डले जिल्ला अस्पताल सिन्धुलीको दुई करोड भन्दा बढी रकम भुक्तानी नदिंदा सर्वसाधारणको उपचारमा समस्या सिर्जना भएको छ भने अस्पतालमा कार्यरत डाक्टरहरुको मनोबल कमजोर बन्न थालेको छ।

सिन्धुली अस्पताल विकास समितिका अध्यक्ष सतिशकुमार ढकालका अनुसार विमा वोर्डले गएको जेष्ठ महिनादेखीको २ करोड ६० लाख रकम भुक्तानी नगर्दा विमा गरिएका विरामीले पर्याप्त मात्रामा औषधीहरु नपाएको खुलासा गरेका हुन्।



अस्पतालमा उपचार गर्न आएका विरामीले बिमा गरेवापत उपलब्ध गराइने भनिएका औषधीहरु अस्पतालले उपलव्ध नगराएको गुनासो बढे पछि सोधिएको जिज्ञासामा अध्यक्ष ढकालले बिमा बोर्डले बाँकी रकम समयमैं भुक्तानी नदिंदा समस्या सिर्जना भएको र केही दिनभित्रै खरिद गरिएका औषधीहरु आउने र सहज रुपमा वितरण हुने बताए। सरकारले नागरिकको बिमा पनि गर्छ, अस्पताललाई निःशुल्क उपचार र औषधी पनि दे भन्छ तर आफुले भुक्तानी गर्नु पर्ने रकम समयमा उपलव्ध गराउँदैन, उनले भने सन्देश जनप्रियसँगको कुराकानीमा भने।

हामीले नागरिकले दुःख नपाउन भन्ने उदेश्यले विकास समिति अर्न्तगतको पैसाले औषधी खरिद गरेर निःशुल्क रुपमा वितरण गरेका छौं, तर बिमा बापतको बाँकी भुक्तानी रकम नआए केही समयपछि फेरी बिमा गरेका बिरामीले औषधी नपाउने अबस्था सिर्जना हुने उनको भनाई थियो।

त्यसैगरी सिन्धुली अस्पतालमा पेड भोलेन्टियरका रुपमा कार्यरत डाक्टरहरुले विगत चार महिनादेखी इन्सेन्टिम नपठाउँदा उनीहरुको मनोबल कमजोर बनेको पनि अध्यक्ष ढकालले खुलासा गरे।

स्वास्थ्य बीमा बोर्डमा लामो समय देखि अध्यक्ष खाली ● बाँकी २ पेजमा

# प्रहरीले गरायो चालकको परिक्षण

**सिन्धुली**/ दुर्घटना रोकथाम र न्यूनिकरणका लागि भन्दै सिन्धुली प्रहरीले एक महिनामा १ हजार १ सय ३८ जना चालकहरुको रक्तचाप र आँखा परिक्षण गराएको छ।



जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय सिन्धुलीको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी सिन्धुली आँखा अस्पतालको प्राविधिक ● बाँकी २ पेजमा

हार्दिक मंगलमय शुभकामना

शुभ दिपावली, छठ पर्व तथा बड्की एकादशी २०८० को पावन अबसरमा आदरणीय पाठक, लेखक, सहयोगी, शुभेच्छुक, बिज्ञापनदाता एवम् समस्त जिल्लावासीमा सुख, शान्ति र सम्वृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त

हाम्रो आगामी भेट
मंसिर ६ गते बुधबार हुनेछ।

राजेशमानन्धर

## भड्‌कारो — राजेश मानन्धर




# समाप्तप्राय बैचारिक बहस र सिथिल बनेको भावनात्मक प्रश्न

## गुलेली



□ महेश्वर दाहाल

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को विकास र रुपान्तरणसँग सम्बन्धित विशेष अभियान सिन्धुलीमा नयाँ परिस्थितिबाट गुज्रिरहेको छ। यसभित्रका कतिपय संकुचित गुटबाट निस्केर यो पार्टी समग्रतामै जनसमुदायमा प्रवेश गरिरहेको छ।

अभियानको सुरुवात तथा प्रचारात्मक पक्ष एक हदसम्म सफल भएको छ र समस्याका धेरै पाटा पक्षको पहिचान पनि भएको छ।

सिन्धुली जिल्लामा हामी अहिले रक्षात्मक अवस्थामा छौं। यहाँ हावी हुन हामीले गणतन्त्र, संघीयता, समावेशिता, धर्मनिरपेक्षता जस्ता संवैधानिक एवम् लोकतान्त्रिक उपलब्धिलाई जगैदेखि लागू त गर्नुपर्छ नैं, साथसाथै आफ्नै चालचलन, आचरण र व्यबहारबाट समेत जनतासँग हामी राम्रो छौं भनेर प्रमाणित हुनुपर्छ।

यद्यपि समावेशी लोकतन्त्रका कयौं राष्ट्रिय र वर्गीय पक्षलाई दोस्रो संविधानसभामा उपेक्षा गरियो। एक हदसम्म असफल रह्यो। उत्पीडित वर्ग, उत्पीडित समुदायको बलमा त्यो असफलतालाई फेरि उठाउनुपर्छ।

समावेशी लोकतन्त्रलाई समुदायमा लागू गर्न ब्यापक राजनीतिक अभियान र सडकमा खुल्ला प्रदर्शनको माग बढेको छ। २२ मंसिरमा केन्द्रीय कार्यक्रम गर्नुपूर्व हामी हरेक पालिकामा जानुपर्छ। पालिकास्तरीय अभियानमातहत अबको संगठन र संघर्षलाई सुदृढ गरिनु ● बाँकी २ पेजमा

प्रेम इलोक्ट्रोनिक्स सेन्टर
प्रो. कपिल श्रेष्ठ
९८४४०४१३५२
९८०२६०७७५१
कमलामाई न.पा.-६, सिन्धुली

यहाँ विभिन्न किसिमका मोवाइल, फ्रिज, LED TV, Iron, Rice cooker बुफर लगाएत इलोक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ।

**समाप्तप्राय ........**

पर्दछ ।

राज्य र स्वयं पार्टीभित्र समेत वर्गीय र समावेशी लोकतन्त्र लागू गर्न सक्दामात्र हामी जनताबीच उदाहरणीय र जनताका दुश्मनबीच आक्रामक हुन सक्छौं ।

सँगसँगै हामीले जनता र पार्टी कार्यकर्ताप्रति जवाफदेही हुने गरी नेतृत्व निर्माण गर्नुपर्छ । पार्टी नेता तथा कार्यकर्तालाई सामान्य आर्थिक समस्या परे आफन्तकोमा जानुपर्ने अवस्था छ । पार्टीभित्र भावनात्मक प्रश्न शिथिल भएको छ । वैचारिक बहस पनि समाप्तप्रायः भएको सिन्धुलीको अभियानले प्रष्ट्याएको छ ।

पार्टीभित्रैका एकथरि जमात अभिजात वर्गमा बदलिँदै गएका छन् । तिनको आर्थिक स्रोत र परिचालन चरम अपारदर्शी छ । पद र आर्थिक उत्प्रेरणालाई केन्द्र बनाउने अनि स्वार्थपरक गुटबन्दी गर्ने समस्याले आधार र इतिहास बलियो हुँदाहुँदै पनि माओवादी कार्यकर्ता सिन्धुलीमा अरुहरुबाट हेपिन परेको तथ्य धेरै छन् । माओवादीले थालेको यो विषेश रुपान्तरण अभियानले सिन्धुली मात्रै होइन सिंगो देशभरका अरू कम्युनिस्ट नेता तथा कार्यकर्ता र समर्थकको ध्यान समेत हामीतिर खिचेको छ ।

नयाँले पार्टी वा दलले कुनै नवीन विकल्प दिएकाले होइन, पुरानाहरू जनताका समस्या र आशासँग नजोडिएकाले असन्तुष्टि र आक्रोस देखिएको छ । जनयुद्धको समाप्तीपछि माओवादीले पहिलो पटक तल्लो तहसम्म जुन तीन महिने 'जनतासँग माओवादी' अभियान चलाएको छ, यसले भने आमतहमै ठूलो हलचल पैदा गराएको छ । अति केन्द्रीकरण र आत्म केन्द्रीतका रूपमा माथिदेखि तलसम्मको पार्टी जे जसरी चलेको थियो, यस अभियानले त्यसलाई विकेन्द्रित गर्न सकेको छ ।

वैचारिक स्पष्टता, त्याग एवम् वलिदान संस्कृतिको पुर्नस्थापना र जनवादी केन्द्रीयताको प्रणाली भएन भने संगठन थप भद्रगोल हुन्छ । अराजकता बढ्छ भन्ने तथ्य यो अभियानका क्रममा प्रष्ट भएको छ । अभियानले संघ, प्रदेश र स्थानीय सरकारको कामलाई समेत जनतासँग जोडेर लैजानुपर्ने कुरालाई गम्भीरता पूर्वक मनन गरेको छ ।

हामीले गर्न सकेका, गर्न नसकेका, गर्ने क्रममा रहेका र गर्नुपर्ने कामबारे श्वेतपत्र नै जारी गर्नुपर्छ । राष्ट्रिय स्वाधीनता, सुशासन, विकास, राष्ट्रिय उद्यम, स्वस्थ व्यवसाय र रोजगारीका लागि यो अभियानमार्फत दबाब बढाउनु पर्छ र हाम्रा काम कारवाही यसै दिशातर्फ केन्द्रीत बन्नै पर्छ ।

अभियानका क्रममा भुइँ तहका कार्यकर्ता र कम्युनिस्ट आन्दोलनका शुभचिन्तकका साथै जनताबाट प्राप्त भएको प्रतिक्रिया भनेको वामपन्थी एकता नै हो । वाम शक्तिहरू फेरि पनि मिल्नुपर्छ भन्ने जनताको आवाज जनतासँग माओवादी अभियानका क्रममा हामीले सुन्यौं र अनभुत पनि गरेकाछौं ।

यसलाई वाम पार्टीहरूको नेतृत्वले कसरी लिन्छ ? यो महत्वपूर्ण विषय हो । आज जनतामा तिब्र निराशा छ, तर शहरिया अराजकतावाद भन्दा फरक छ गाउँको निराशा र असन्तुष्टि । यसलाई फेरि पनि सकारात्मक दिशा दिने र समाजवादको यात्रामा लैजान दायित्व भनेको माओवादीकै हो र वामपन्थी पार्टीहरूकै हो ।

कम्युनिष्ट पार्टी भन्नु एउटा सामूहिक योगदान र पद्धति हो । यो संस्थागत हुनुपर्छ । विधिमा चल्नुपर्छ । पार्टी अध्यक्षदेखि सेल सदस्यसम्मले एउटै विधि मान्न बाध्य हुनुपर्छ र हामी व्यक्ति होइन पार्टी र विधीलाई स्थापित गराउने दिशातर्फ अग्रसर हुनै पर्छ ।

नगरपालिका वा स्थानीय तह गाउँ पार्टीको मातहत चल्नुपर्छ । यसबारे प्रदेश पार्टीले तत्काल सर्कुलर जारी गर्नुपर्छ । सरकारले पार्टी चलाउने कि पार्टीले सरकार ? यसको टुंगो तत्काल गरिनु पर्दछ । अब सबै तहको सरकार पार्टी मातहत चल्नुपर्ने नीति लागू गर्दै त्यसको अभ्यास बागमती प्रदेशबाट लागू गरौं । स्थानीय तहका जनप्रतिनिधिलाई जिल्लाका संयोजक वा सचिव नबनाऔं । (लेखकः माओवादी केन्द्र सिन्धुलीका जिल्ला इन्चार्ज हुन् ।)

**सिन्धुलीको .......**

तर्क गर्दछ ।

विकास सम्बन्धि दृष्टिकोणको ठूलो ज्ञापलाई पुरानो पुस्ताले आत्मसात नै गरेको देखिदैन । सडक बनाएर, कुनै भौतिक संरचना नै विकास हो भन्ने मानसिकताले बढि घर गरेको देखिन्छ तर यथार्थमा बिकास भनेको जनजिविका सँग जोडिएको आर्थिक, सामाजिक र साँस्कृतिक अवस्था परिवर्तन गर्ने हुनुपर्छ । मानौं कुनै गाउँपालिकाको दुर दराजमा मोटर पुग्यो तर त्यहाँको जनता संग त्यो चढ्न सक्ने पैसा छैन भने लाखौं खर्च गरेर मोटर पुऱ्याएको काम छ त ? यो कुरामा हाम्रो राजनीतिको ध्यान नै गएन । यहि कुराको ठूलो ज्ञाप छ । राजनीति आफैमा समाजसेवा हो । राजनीति गरेपछि मुखमा माड लाग्दैन । लाग्नका लागि छुट्टै कुनै काम गर्नु पर्छ । इमानदार सक्षम युवा, कुनै कामसँग जोडिने युवा क्षमता भएकै हुन्छन् । कालोलाई कालो, सेतोलाई सेतो भन्छन् । नेताले गरेको खराब कामको आलोचना गर्छन् । अहिलेको परिस्थितिमा त्यस्तो आलोचना गर्ने, खबरदारी गर्ने युवा नेताको नजरमा पर्दैनन् ।

आफ्नो प्रसंशा मात्रै गरिदियोस्, भनेको मानिदियोस्, आफू भन्दा माथी कोही पनि नगैदियोस्, गयो भने आफू पछि पर्छु, मेरो राजनीति सकिन्छ , म नै भईन भने के को पार्टी ? के को विचार ? के सिद्धांत ? सबै थोक म र मैले गरेको भन्ने सोच पुरानो पुस्तामा हावी छ । पुरानो पुस्ताको त्यस्तो सोच बुझेका युवाले परम्परागत जुठोपुरोमा रमाएर बस्नेहरुसँग संघर्ष गर्नु भन्दा उतै गएर आफ्नो भविस्य बनाउदा उपर्युक्त हुन्छ भन्ने निश्कर्षका साथ पनि देश छोड्न थालेको देखिदैछ ।

यहि पनि हेर्नुस्, अलिक क्षमतावान युवा छ, उसलाई पार्टीमा घेराबन्दी हुन्छ, उ राजनीतिमा टिक्न नसकेर कुनै न कुनै जागिर तिर पलायन भई रहेकै हुन्छ । जब उ जागिरमा जान्छ अनि नेताहरूको ध्यान, सामाजिक अपराधमा संलग्न, अबैध कारोबार मा संलग्न, ठेक्का पट्टको अबैधानिक कब्जा गर्न, मिटर ब्याजमा संलग्न वा आय आर्जनका लागि गलत बाटो प्रयोग गरिरहेका युवाहरूलाई रक्षा कवचको लागि प्रयोग गरिरहेको देखिन्छ । भोलि मन्त्री संसद देखि अन्य जनप्रतिनिधि कै लाइनमा त्यस्तो प्रवृत्ति बोकेका युवा आउने भएपछि इमानदार युवाले आफुलाई राजनीतिमा कसरी सुरक्षित महसुस गर्छ ? अवस्य पनि गर्दैन । त्यसैले बेलैमा पलायनको बाटो रोजिरहेका छन् । हाम्रै छिमेकी राज्यहरू भारत बंगलादेश र भुटानको आर्थिक उन्नतिको कारण भनेको त्यहाँको स्थिर राजनीति हो । नेपालमा दिनै पिच्छे मन्त्री फेरिन्छन । देशको आर्थिक अवस्था निराशाजनक रहेकै छ । बैदेशिक रोजगारमा गएका लाखौं युवा नेतालाई सरापेर हाम्रो रेमिटेन्सले तिम्रो तलब भत्ताको भुँडी भर भनिरहेकै छन् । तर बैरो बनेर सबै कुरा नेपालका राजनीतिक नेतृत्वले पचाईरहेकै छन् । रोजगारीका अवसर सिर्जना गर्ने कार्यमा दलहरू एकै ठाउँमा बसेर सहकार्य गर्न किन सक्दैनन् ? यो चरम निराशाको परिस्थितिमा देशको राजनीतिमा युवा पुस्ताले संभावना नदेख्नु स्वभाविक पनि हो ।

राजनीतिक दलले दलाललाई दिएको प्रोत्साहन, पैसा र पहुँचवालालाई दलमा भित्र्याएर इमानदारहरुलाई कार्यकर्तामा मात्रै सिमित राखेको, काममा उपयोग गरेर काम सक्किए पछी रद्दिको टोकरीमा फ्यालेको, पैसाको लागि ऱ्याल चुहाएको, समाजमा नांगो भइसक्दापनी पार्टी र संरचनाले नेता मानेर पुजा गर्नै पर्ने खालको जकडिएको संरचनामा, क्षमतावान युवाले भविश्य नदेख्नु स्वभाविक नै हो । निर्वाचन घोषणापत्र अनुसार काम नगर्नु, संभावना भएका युवालाई दलमा जिम्मेवारी दिन र टिकाउन आवश्यक पहलकदमी नचाल्ने हो भने रित्ता घरहरूलाई शासन गर्ने भुत बंगलाको शाषक बनेर आफुलाई आत्मरतिमा रमाउनु पर्ने दिन देख्न धेरै टाढा जानु पर्दैन ।

**स्वास्थ्य ........**

थियो । सरकारले समयमै बोर्ड अध्यक्ष नियुक्ति गरेर व्यवस्थित गर्नुपर्ने हो, त्यो पनि गरेको छैन ।

सरकारले स्वास्थ्य मन्त्रालय बोर्डका कार्यकारी निर्देशक दामोदर बसौला लाई निलम्बन गरेपछि बोर्डका अन्य पाँच जना सदस्यले पनि राजीनामा दिएकाले यो समस्या आएको सरकारी अधिकारीहरुले बताएका छन् । अहिले स्वास्थ्य बीमा बोर्ड सञ्चालक समितिविहीन बनेको छ ।

लामो समयदेखि बोर्ड अध्यक्ष खाली हुनु, कार्यकारी निर्देशक निलम्बनमा पर्नु र आवश्यक जनशक्ति व्यवस्थापन नहुनुलाई स्वास्थ्यका अधिकारीहरु स्वास्थ्य मन्त्री मोहनबहादुर बस्नेतको असक्षमता भएको टिप्पणी गर्छन् । ति अधिकारीले भनेः स्वास्थ्यमन्त्री बस्नेतले निर्देशकलाई हटाएर आफ्नो मान्छे राख्न खोज्दा अहिले बिमा रकम भुक्तानीमा समस्या आएको हो ।

एकातिर बीमा जिल्ला जिल्लामा पुऱ्याउने, बीमा गर्न सूचना प्रवाह गर्ने अर्कोतिर बीमाको पैसा भुक्तानी नगर्ने सरकारी कार्यशैलीले जनको स्वास्थ्य अधिकारमाथि खेलवाड गरिएको सिन्धुली अस्पताल विकास समितिका पूर्व अध्यक्ष बिनोद खड्काले बताए ।

**स्वास्थ्य ........**

सहयोगमा गत असोज २३ गतेबाट सवारी चालकहरुको स्वास्थ्य अवस्था परिक्षण गर्न सुरु गरिएको डिएसपी चिरञ्जीवी दाहालले जानकारी दिए । सवारी दुर्घटना न्यूनिकरण गर्ने उद्देश्यले प्रत्येक हप्ताको मंगलबार र शुक्रबार सवारी चालकहरुको रक्तचाप र आँखा परिक्षण सुरु गरिएको र त्यसले दुर्घटना न्यूनिकरणका लागि सचेतिकरणको काम गरेको दाहालको भनाई थियो ।

सो कार्यक्रम अन्तर्गत हाल सम्म १ हजार १ सय ३८ जना चालकहरुको रक्तचाप र आँखा परिक्षण गरिएको उहाँले बताउनु भयो । विपि राजमार्ग अन्तर्गत सिन्धुलीको कमलामाई नगरपालिका ६ माफिटार चेकपोष्ट र गोलन्जोर गाउँपालिका वडा नम्बर ७ खुर्कोट चेकपोष्टमा सवारी चालकको स्वास्थ्य परिक्षण गरिदै आएको छ ।

यसैबीच केही दिन अगाडि सिन्धुली प्रहरीले गरेको एक कार्यक्रममा सर्वसाधारणले प्रहरी प्रमुखको काम गराई वारे प्रश्न उठाएका थिए । उनीहरुले गाँजा फँडानी गर्ने नाममा संरक्षण गरेको संगीन आरोप लगाएका थिए ।

# एमाले नेता श्रेष्ठद्वारा एक लाख रूपैयाँको अक्षय कोष स्थापना



**सिन्धुली/** सिन्धुली स्वर्गीय मदन देव श्रेष्ठको स्मृतिमा छोरा महेन्द्रदेव श्रेष्ठलगायतले एक लाख दुई हजारको अक्षय कोष स्थापना गरेकाछन् ।

नेकपा एमाले कमलामाई नगर कमिटी अध्यक्षसमेत रहेका श्रेष्ठले एक कार्यक्रमका बीच स्वर्गीय बुवा मदन देव श्रेष्ठ स्मृति अक्षय कोषको स्थापना गरि कमलामाई -६ पानिट्ङकी सिन्धुलीमा रहेको शिद्धबाबा माध्यामिक विद्यालयलाई अक्षय कोष सञ्चालन गर्ने र जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा विधिवत रुपमा दर्ता नभए सम्मको लागि सहकार्य बचत तथा ऋण सहकारी संस्थामा खाता खोलि आजबाटै सञ्चालनमा ल्याइएको हो ।

कमलामाई नगरपालिका वडा नं ६ का वडाध्यक्ष एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उज्वलकुमार थापालाई अक्षय कोषको चेक तथा आवश्यक कागजात हस्तान्तरण गरिएको छ । अक्षयकोषको चेक बुझे पछि संक्षिप्त प्रतिक्रियादिँदै श्रेष्ठ परिवारले गरेको पुण्य काम समुदायका अन्य व्यक्तिहरुले पनि अनुशरण गर्न आवश्यक भएको बताए ।

उक्त रकमको सहकारी संस्थाले त्रैमासिक रुपमा १३.७५ प्रतिशत ब्याज प्रदान गर्ने भएको छ । अक्षय कोषको वार्षिक ब्याजबाट आएको रकम विद्यालय परिवारको वार्षिक उत्सवमा कक्षा १ देखि १२ सम्मका विपन्न ,जेहेन्दार विद्यार्थिहरुलाई प्रोत्साहन स्वरुप छात्र वृद्धि प्रदान गरिने नेता श्रेष्ठले प्रदेशखबरलाई जानकारी दिए ।

सो ब्याजदर भुक्तानी लिन विद्यालयका तर्फबाट प्रध्यानाध्यापक र अक्षय कोषको तर्फबाट महेन्द्रदेव श्रेष्ठको हस्ताक्षर रहने छ । अक्षय कोषको रकम अक्षय कोषको मर्म र भावना अनुसार मुल धन कहिलै चलाउन वा घटाउन नपाउने र ब्याज मात्र विद्यार्थीहरुलाई वितरण गरिने भनि श्रेष्ठ र वडाध्यक्ष थापा बीच हस्ताक्षर भएको हो ।

१९८९ साल आश्विन १५ गते रामेछाप जिल्लाको भंगेरी गाउँमा जन्मिएका स्वर्गीय श्रेष्ठको २०७९ आश्विन २ ९ गते उपचारको क्रममा ९० वर्षको उमेरमा निधन भएको थियो ।

स्वर्गीय श्रेष्ठले आफ्नो जिवन कालको लामो समयसम्म जिल्ला प्रशासन कार्यालय सिन्धुलीको नागरिकता फाँटमा कार्यरत रही राष्ट्का लागि योगदान पुऱ्याएका थिए ।

# एमालेले गऱ्यो पुष्पलाल मार्गको अबलोकन



**सिन्धुली/** नेकपा एमालेले मध्यपहाडी पुष्पलाल लोकमार्गको अवलोकन कार्य सम्पन्न गरेको छ । पार्टीले सञ्चालन गर्न लागेको मध्यपहाडी पुष्पलाल लोकमार्ग विशेष जागरण अभियानको तयारी र व्यवस्थापनको गृहकार्यका लागि अवलोकन कार्य सम्पन्न गरेको हो । एमाले उपमहासचिवद्वय प्रदीप ज्ञवाली र विष्णु रिमाल नेतृत्वका दुई टोलीले पूर्वमा पाँचथरको चिवाभञ्ज्याङदेखि सुदूर पश्चिमको झुलाघाट (बैतडी) सम्मको मध्यपहाडी लोकमार्गको अवलोकन गरेको हो । कात्तिक १६ गते उपमहासचिव ज्ञवालीको नेतृत्वको टोलीले चिवाभञ्ज्याङ र उपमहासचिव रिमाल नेतृत्वको टोलीले झुलाघाटबाट अवलोकन सुरु गरेको थियो । दुवैतर्फका टोली विभिन्न जिल्लामा तयारी बैठक र अवलोकन गरी पाँचौं दिन सोमबार धादिङमा भेट भई राजधानी आइपुगेको छ ।

मधेश प्रदेश बाहेकका ६ वटा प्रदेशलाई समेट्ने मध्यपहाडी लोकमार्गमा पर्ने सबै जिल्लामा पुगेर टोलीले स्थानीय पार्टी नेतृत्वसँग यात्रालाई प्रभावकारी बनाउने विषयमा छलफल गरी तयारीको योजना बनाएको छ । दुवै टोलीको अवलोकन भ्रमणका आधारमा प्रतिवेदन तयार गरी सचिवालयमा प्रस्तुत गरिने र त्यसपछि आवश्यक निर्णय लिइने एमाले केन्द्रीय प्रचार तथा प्रकाशन बिभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिनुभयो ।

# नक्कली मालाले तातेको सिन्धुली बजार !

सिन्धुली/ ठूला चाडबाड सुरु भए सँगै सिन्धुलीका हाटबजार र ग्रामिण बजारमा चहलपहल बढेको छ । पछिल्लो केही दिनययता बजार क्षेत्रमा नक्कली फुलका मालाले सजिसजाउ देखिएका बेला कसिनका वारीमा भने सयपत्री फुलहरु सुकेर बस्न थालेकाछन् । नम्मकली माला किनमेल गर्नेको भीडले सिन्धुलीका केही पसलहरुमा मानिसहरु देखिन्छन् । अन्य समयको तुलनामा चाडबाडमा किनमेल गर्नेको संख्या बढी हुनाले व्यापार राम्रो हुने गरेको सिन्धुलीका व्यापारी दिपेश थापाले बताए । 'चाडबाडमा मानिसको बजारमा ओहोरदोहोर बढेको छ, लत्ताकपडा तथा सामान किनमेल गर्ने हुनाले यो समयमा व्यापार राम्रै हुन्छ, उनले भने ।



चाडबाडको समय सुरु भएकाले बजारमा भीडभाड बढेको सिन्धुलीकै अर्का व्यापारी बिनेश श्रेष्ठले बताए । 'बजारमा भीडभाड बढेकाले व्यापार हुने आशा छ, उनले भने, 'अरु समयभन्दा चाडबाडमा बढी व्यापार हुने गर्छ ।

गाउँ सहरमा अहिले तिहारको रौनक छाएको छ । चाडबाडले घरबाट टाढा रहेका घर फिती भएका छन् । चाडबाडको किनमेल सुरु भइसकेको छ । दशैंमा सुस्ताएको व्यापार तिहार र छठले चलायमान बनाउने व्यापारीको विश्वास छ ।

बजारमा चहलपहल भए पनि व्यापार भने मन्द रहेको उद्योग वाणिज्य संघ सिन्धुलीका अध्यक्ष अर्जुन श्रेष्ठले बताएका छन् । 'चाडबाड सुरु भइसक्दा पनि अझै व्यापार चलायमान हुन सकेको छैन, आर्थिक मन्दी छ, उनले भने, 'व्यापार खस्किँदै गएको छ ।

कोरोना महामारीपछि व्यापार व्यवसाय निकै धराशायी भएको उनको भनाइ छ । घर बाहिर रहेकाहरु आफू रहेको ठाउँमै चाडबाड मनाउन थालेपछि बजारमा चहलपहल घटेको अध्यक्ष श्रेष्ठले बताए ।

'विदेशमा रहेका पनि चाडवाड त्यतै बनाउन थाले, त्यसैले पुर्खौली थातथलोमा चहलपहल विगतको तुलनामा निकै कम छ , उनले भने, 'महँगी पनि निकै बढेको छ, त्यसैले पनि विगतको जस्तो व्यापार छैन ।

नेपाली बजारभन्दा भारतीय बजारमा सामान सस्तो पाइने हुनाले उपभोक्ता किनमेलका लागि छिमेकी जिल्ला बर्दिवाससम्म जाने गरेका छन् ।

# ‘कालबाट जोगाउने भाइटिका’

**□ पवन राउत**

**सिन्धुली**/ तिहारको अन्तिम दिन अर्थात कार्तिक शुक्ल द्वितीय तिथिका दिन ‘भाइटीका’ पर्व मनाइन्छ। दिदी बहिनीले दाजुभाइलाई विधिपूर्वक पूजा गरी मिष्ठान्न भोजन गराउने र कोसेलीहरू दिने चलन छ । धार्मिकशास्त्रअनुसार बहिनी यमुनाले यसै दिन दाजु यमराजलाई विशेष मान सम्मान गर्दै भाइटीका लगाइदिएको धार्मिक विश्वास छ । भाइटीकालाई दिदीबहिनी तथा दाजुभाइबीच अटुट सम्बन्ध बलियो बनाउने पर्वका रुपमा लिइन्छ।

दिदीबहिनीले दाजुभाइको दीर्घायुको कामना गर्दै निधारमा सप्तरंगी टीका लगाइदिन्छन् । सुख, शान्ति, समृद्धि, सन्तुष्टि र सफलताको प्रतिकको रुपमा पनि सप्तरंगी टीकालाई लिन सकिन्छ। टीका लगाइदिएसँगै मखमलीको माला, फिनी रोटी, सेलरोटी, अनर्सा, भाइमसाला लगायत खानेकुराबाट दाजुभाइलाई दिदीबहिनीहरूले सत्कार गर्छन् । दाजुभाइले पनि आफ्नो गच्छे अनुसार दानदक्षिणा र कोसेली दिने चलन रहेको छ।

भाइटीकाको दिन लगाइने सप्तरंगी टीकाले दाजुभाइप्रतिको प्रेम ७ वटा रंगजस्तै गाढा तथा निरोगी भइइर हने भन्ने विश्वास छ। अन्तर्राष्ट्रिय पञ्चांग निर्णय समितिका सदस्य सचिव सन्तोष वाशिष्ठका अनुसार सप्तरंगी टीका ७ वटा ग्रहसँग सम्बन्धित छन् । उनी भन्छन्, ‘ज्योतिषशास्त्र अनुसार ९ वटा ग्रहको महत्त्व छ । राहु र केतु पनि ग्रह हुन् तर यसले राम्रो फल नदिने हुनाले ७ वटा ग्रहलाई मुख्य मानिन्छ । सप्तरंगी टीका तिनैसँग सम्बन्धित छन् ।’




उनका अनुसार सूर्यले रातो, चन्द्रमा र शुक्रले सेतो, मंगलले कलेजी, वृहस्पतिले पहेंलो, शनिले निलो तथा बुधले हरियो रंग जनाउँदछन्। ‘टीका त वैदिक सनातनमा चलिआएको भएपनि भाइटीकाको दिन लगाइने सप्तीरंगी टीकाले र एकदिन भएपनि ९ वटै ग्रह जसरी जिवित छन् जसरी ९ वटा ग्रहको दृष्टिले शरीर मजबुत भएको छ त्यसैगरी नै जीवनभर भइराखोस् भनेर आर्शिवाद दिएर दाइभाइलाई टीका लगाइन्छ,’ उनले भनेका थिए।

सप्तरंगी तिहारको झिलिमिलीसँग पनि जोडिएको मानिन्छ । ज्योतिष शास्त्रका अनुसार ७ वटा रंग शरीर तथा निधारमा राखियो भने त्यसले शरीर उर्जाशील बन्ने उल्लेख गरिएको वाशिष्ठ बताउँछन्।

भन्छन्, ‘धर्मशास्त्र अनुसार दिदीबहिनीले दाजुभाइलाई टीका लगाउँदा निरोगी र दिर्घायुको कामना गर्दै आर्शिवाद दिएर लगाउने र दाजुभाइले पनि त्यही कामनाका साथ लगाउने हो । त्यसैगरी भाइटीकामा प्रयोग हुने ओखरको पनि महत्व छ। ओखरको बाहिरको कठोरपनले नराम्रा कुराहरू फुटेर जाउन र भित्रको मलिन स्वभावहरू भइराखोस भनेर फुटाइन्छ। ओखर यमराजको प्रतिक मानिन्छ । ओखर फुटाएर बाहिर फाल्नाले नराम्रो चिजहरू फालिन्छ भन्ने हो।

मखमली फूल कहिल्यै नओइलाउने भएकाले दाजुभाइको अनुहार जहिल्यै उज्यालो र झलल् भइराखोस् भनेर लगाइदिने चलन छ।’

नेवार समुदायले पनि भाइटीकाको दिनलाई ‘किजा पूजा’को रुपमा मनाउने गर्दछन् । नेवार भाषामा किजा अर्थात भाइ । संस्कृतिविद् सुवर्ण शाक्यका अनुसार तिहारलाई ‘ शोन्ती’ भनिन्छ। चाड एउटै भएपनि संस्कृति विधि अनुसार फरक पर्ने उनले बताए।

शाक्य भन्छन्, ‘आफ्नो भन्दा ठूला दाइलाई अरुबेला मान्ने संस्कार त छँदैछ सानालाई पनि माया, स्नेह तथा ममता राखेर व्यवहार गर्नुपर्छ भनेर यो किजा अर्थात भाइलाई मात्र पूजा गरिन्छ।’

भाइपूजा यमराजसँग सम्बन्धित हुन्छ। ‘भाइलाई कालले पनि आफ्नो स्नेह, सद्भाव छुटाएर लान नसकोस् भनेर गहिरो भाव पोखिएको छ यस पूजामा । कहिल्यै नसुक्ने ओखर, कहिल्यै नओइलाउने मखमली फूलले पूजा गरिन्छ,’ शाक्यले भने।

उनका अनुसार हिन्दु विधिमा दाजुभाइलाई नै सप्तरंगी लगाएर पूजा गरिन्छ भने नेवार समुदायमा रातो र पहेंलो टीका मात्र लगाइन्छ। ‘हामी टीका भन्दा पनि सगुन भनेर भन्छौं। सगुन टीका भनेर भनिन्छ। पहेलो र रातो टीका मात्र लगाइन्छ। त्यसमाथि अक्षताको टीका लगाइन्छ । रातो भनेको संघर्षमय जीवनलाई एकमुष्ट पारेर सजाइ राख्नेको प्रतिक टीका हो । दहीसँग मुछेर कहिल्यै नछुटोस् भनेर टीका लगाइन्छ,’ उनले टीकाको अर्थ दर्शाए।

हार्दिक मंगलमय शुभकामना

शुभ दिपावली, छठ पर्व तथा बड्की एकादशी २०८० को उपलक्ष्यमा सिन्धुलीबासी बुबा, आमा, दिदी बहिनी तथा दाजु भाईमा सुख, शान्ति, सम्वृद्धि र आरोग्यको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बलराम अधिकारी
प्रोपाइटर एवम्
सिन्धुली डेरी प्रा.लि.
परिवार, सिन्धुली

हार्दिक मंगलमय शुभकामना

शुभ दिपावली, छठ पर्व तथा बड्की एकादशी २०८० को उपलक्ष्यमा सिन्धुलीबासी बुबा, आमा, दिदी बहिनी तथा दाजु भाईमा सुख, शान्ति, सम्वृद्धि र आरोग्यको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रयागराज खतिवडा
अध्यक्ष एवम्
कृषि उपजवजार सञ्चालक समिति
परिवार, सिन्धुली

खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर
www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com


ताजा दुध, दही, घिउ पनिर र खुवाका लागि हामीलाई संझनुहोस ।
कमलामाई डेरी प्रा.लि सिन्धुली
माझीटार,सिन्धुली (शिक्षा समन्वय कार्यालयसंगै) PHONE NO.- 9843354289

## सम्पादकीय

# सँस्कृतिमय बनोस् तिहार

नेपालीहरुको दोस्रो ठूलो पर्व तिहार अर्थात दीपावली फेरि हाम्रो घरआँगनमा आइपुगेको छ । तिहार पर्व कार्तिक कृष्ण त्रयोदशी देखि शुक्ल द्वितीयासम्म पाँच दिन मनाउने गरिन्छ । त्यसैले यसलाई यमपञ्चक पनि भनिन्छ । अँध्यारोबाट उज्यालोतर्फ लाग्ने पर्वका रुपमा लिइने यो पर्व औंसीको रात दीपावली गरी लक्ष्मीपूजा गर्ने र तिहारको अन्तिम दिन कार्तिक शुक्ल द्वितीयाको दिन दिदीबहिनीले आफ्ना दाजुभाइलाई दीर्घायुको कामना गर्दै पूजा गरी टीका लगाइदिने गर्दछन् । यसलाई भाइटीका भन्ने गरिन्छ । तिहारमा मानिसका लागि उपयोगी काग, कुकुर, गाईगोरूको पनि पूजा गर्ने चलन छ । काग पूजा सधैं शुभ खबर सुन्नका लागि, कुकुर पूजा उसको गुणको कदरस्वरुप र गाईलाई गौमाता अर्थात् लक्ष्मीको प्रतीकका रुपमा पूजा गरिन्छ । गाईको दूधलाई अमृततुल्य मानिन्छ । गोबर र गहुँत आयुर्वेदिक उपचारका लागि महत्वपूर्ण औषधि मानिन्छ । गोरू कृषकका सहयोगी बनेर आफू जोतिएर अन्न उत्पादन गर्न सहयोग पुऱ्याउँछ । यही कारणले काग, कुकुर र गाईगोरूको पूजा गरेर सम्मान गरिएको हो ।

वर्षदिनमा आउने हरेक पर्वहरुका आ-आफ्नै विशेषताहरु हुन्छन् । त्यसमा पनि तिहार अझै महत्वपूर्ण मानिएको छ । यसका सांस्कृतिक पक्षहरु अत्यन्त उत्कृष्ट छन् । देश-विदेशमा रहेका दाजुभाई दिदीबहिनी एउटै थलोमा जम्मा भएर सुख-दुःख साट्ने अवसर तिहारले जुराइदिने गरेको छ । जीवनवृत्तिका लागि हरेक व्यक्ति आ-आफ्ना कार्य व्यस्ततामा जुटे पनि आफन्त, परिवारजन, इष्टमित्र सबैलाई मिलन गराउने पर्व हो, तिहार । आफ्ना दाजुभाइ दिदीबहिनी नहुनेले पनि यो पर्वमा 'रगतको नाताभन्दा भावनाको नाता ठूलो हुन्छ' भन्ने मान्यताका साथ नयाँ सम्बन्ध स्थापित गरेर टीका लगाउँछन् । एकताको सूत्रमा जोड्ने, भावनात्मक सम्बन्ध विकसित गर्ने, महिलालाई सम्मान गर्ने, देउसीभैलो, सांस्कृतिक कार्यक्रम र मीठो-चोखो खाएर रमाइलो गर्ने यो पर्व आफैंमा संस्कृतिमय छ । तिहारलाई विकृतिको भाषामा जुवा खेल्ने चाड मानिन्छ । जुवातासजस्ता विसंगतिले कयौं परिवारको आर्थिक तथा सामाजिक जीवन तहसनहस भएका दृष्टान्त छन् । रमाइलो गर्ने नाममा भित्रिएका पटाका तथा बारूदजन्य पदार्थ पड्काउँदा कति कलिला बालबालिका तथा व्यक्ति दुर्घटनामा परेका छन् । आँखाको ज्योति गुमाएर अपाङ्गसमेत बनेका छन् । मादक पदार्थ सेवन गरी अनियन्त्रित गतिमा सवारी चलाउँदा कति जनाले असमयमै जीवन गुमाएका छन् । चाडबाडका क्रममा सचेतना अपनाउन नसक्ने हो भने त्यसले क्षतिबाहेक अरु केही पुऱ्याउँदैन । तिहारलाई अनावश्यक भड्किलो बनाउँदैमा ठूलो भइने पनि होइन । यो महान् चाडलाई संस्कृतिमय बनाउन हामी सबै प्रतिबद्ध हुनु जरूरी छ । आपसी एकता र भाइचाराको सम्बन्ध प्रगाढ बनाउन लक्ष्मीमाताले हामी सबैलाई मार्ग प्रदान गरुन् । सबैमा दीपावलीको हार्दिक शुभकामना !

हार्दिक मंगलमय शुभकामना

शुभ दिपावली, छठ पर्व तथा बड्की एकादशी २०८० को उपलक्ष्यमा सिन्धुलीबासी बुबा, आमा, दिदी बहिनी तथा दाजु भाईमा सुख, शान्ति, सम्वृद्धि र आरोग्यको लागि *हार्दिक मंगलमय शुभकामना* व्यक्त गर्दछौं ।



खड्ग बहादुर खत्री
अध्यक्ष

एवम्

राहुल सिंह
कोअर्डिनेटर

सिद्धबाबा +२ म्यानेजमेन्ट
परिवार, धुराफाँट, सिन्धुली


# थलिएको अर्थतन्त्रमा भूकम्पको आक्रमण

□ कृष्ण गौतम



**भूकम्पमा परेकाहरुको उद्धारमा सुरक्षाकर्मी, राजनैतिक दलका कार्यकर्ता र स्थानीय समुदाय परिचालित भएका थिए । सरकारी भूकम्पमा परेकाहरुको उद्धार कार्य लगभग सकिएको छ । तर घाइतेहरुको उपचार र प्रभावितहरुलाई राहत तत्काल आवश्यक परेको छ । फेरि भूकम्प जाने क्रमले प्रभावित क्षेत्रलाई थप पीडा दिएको छ । हजारौंले घर गुमाएका कारण सडकमा रात बिताउनुपर्ने अवस्था आइलागेको छ । एकपटक भूकम्प गएपछि त्यसको पराकम्प केही समय आइरहने अनुभवले पनि उनीहरुलाई सुरक्षित स्थानमा लैजानु सरकारको दायित्व बनेको छ । तर त्यो दायित्व सरकार एक्लैले गर्न सक्ने अवस्था हुन्न । यस्तो बेला सबै क्षेत्रबाट सहयोगी हातहरु अगाडि बढ्न आवश्यक छ । राजनीतिक दलहरुले आफ्नो पार्टी पंक्तिलाई परिचालित हुन अपिल गरेका छन् ।**

कोभिडले थलिएर उठ्न नसकेको नेपाली अर्थतन्त्रलाई गएको शुक्रबार मध्यरातमा जाजरकोटको रामीडाडाँ केन्द्र भएर गएको ६.४ म्याग्निच्यूडको भूकम्पले थप धक्का दिएर गएको छ ।

पश्चिम नेपालमा ठूलो मानवीय क्षति भएको छ । मध्यरात र परम्परागत शैलीका घर भएकाले मानवीय संकट बढी हुन पुग्यो । नेपाल प्रहरीले आइतबार राति अवेरसम्म दिएको जानकारी अनुसार, भूकम्पबाट झण्डै २ सय जनाको मृत्यु र ३७५ भन्दा बढी घाइते भएका छन् । पराकम्प आउने क्रम जारी छ भने घाइतेको संख्या पनि बढिरहेको छ । उद्धार कार्य चलिरहेकाले यो संख्या बढ्न सक्ने अनुमान गरिन्छ ।

भूकम्पमा परेकाहरुमा स्थानीय सरकार र समुदाय रातभर परिचालित भएका थिए । शनिबार बिहानसम्म नजिक रहेका स्वास्थ्य संस्थाहरुमा धेरैजसो घाइते लगिएको थियो । बिहानै प्रधानमन्त्री भूकम्प प्रभावित क्षेत्र पुगेर सम्पूर्ण शक्ति परिचालित हुन निर्देशन दिएका थिए भोलीपल्टसम्म पिडितहरु भुईमा सुतेका दृश्यहरु देखिएपछि सरकारको काम गराई प्रचारात्मक थिए भन्ने प्रष्ट हुन्छ ।

सरकारले आफ्नो तर्फबाट पिडितलाई राहत दिने कुरा घोषणा गर्नु अगाबै प्रतिपक्षी दल नेकपा एमालेले पिडितहरुका लागि १ करोड रुपैयाँ सहयोग गर्ने घोषणा गरेर नागरिक प्रतिको जिम्मेवारी प्रदर्शन गर्नु आफैंमा सकारात्मक थियो ।

भूकम्पमा परेकाहरुको उद्धारमा सुरक्षाकर्मी, राजनैतिक दलका कार्यकर्ता र स्थानीय समुदाय परिचालित भएका थिए । सरकारी भूकम्पमा परेकाहरुको उद्धार कार्य लगभग सकिएको छ । तर घाइते हरुको उपचार र प्रभावितहरुलाई राहत तत्काल आवश्यक परेको छ ।

फेरि भूकम्प जाने क्रमले प्रभावित क्षेत्रलाई थप पीडा दिएको छ । हजारौंले घर गुमाएका कारण सडकमा रात बिताउनुपर्ने अवस्था आइलागेको छ । एकपटक भूकम्प गएपछि त्यसको पराकम्प केही समय आइरहने अनुभवले पनि उनीहरुलाई सुरक्षित स्थानमा लैजानु सरकारको दायित्व बनेको छ । तर त्यो दायित्व सरकार एक्लैले गर्न सक्ने अवस्था हुन्न । यस्तो बेला सबै क्षेत्रबाट सहयोगी हातहरु अगाडि बढ्न आवश्यक छ ।

राजनीतिक दलहरुले आफ्नो पार्टी पंक्तिलाई परिचालित हुन अपिल गरेका छन् । अरु सामाजिक संघसंस्थाले उद्धार, राहत र पुनर्स्थापनामा सहयोग गर्ने बचन दिइरहेका छन् । थलिएको अर्थतन्त्रलाई भूकम्पले फेरी ठूलो धक्का दिएको छ, यस्तो अबस्थामा पक्कैपनि संकटका बेला आफ्नो सामर्थ्यले भ्याउने सहयोग गर्नु मानवीय दायित्व हो । अहिले जाजरकोट, पश्चिम रुकुम सहित प्रभावित जिल्लाहरुमा मानवीय सहयोग नै बढी आवश्यक छ । पुनर्स्थापनाबारे सरकारले आवश्यक निर्णय पक्कै लिनेछन् । तर उद्धार र राहतलाई नै तत्काल प्राथमिकतामा राख्नुपर्नेछ । वास्तविक सूचना सबै तिर पुऱ्याउनु र पीडितहरुलाई आवश्यक मद्दतमा जुट्न ढिलाइ गर्न हुन्न । विशेषगरी उपचारका निम्ति चिकित्सक, बस्नलाई अस्थायी सामग्री र खाने बन्दोबस्त तत्काल जुटाउन कार्यमा सम्पूर्ण पंक्ति एकाकार हुन जरुरी छ ।

# इजरायलमाथि बढ्दैछ युद्धविराम गर्न चौतर्फी दबाब

□ दिपा भण्डारी

**प्यालेस्टिनीमाथि जस्तोसुकै अन्याय भए पनि अमेरिका सधैं इजरायलको पक्षमा उभिएको थियो । प्यालेस्टाइनलाई १९४ औं स्वतन्त्र राष्ट्र घोषणा गर्न प्यालेस्टिनी राष्ट्रपति महम्मुद अब्बासले राष्ट्र संघको ६६ औं महासभामा प्रस्ताव राखेका थिए । अमेरिकाले भिटो प्रयोग गरी उक्त प्रस्तावलाई स्वीकृति दिएन । प्यालेस्टाइन देशमा प्यालेस्टिनीहरू राज्यविहीन बनाइयो । अहिले प्यालेस्टिनीहरूको आन्दोलन या संघर्ष भनेको प्यालेस्टाइन राज्य स्थापना हो ।**

**संयुक्त राष्ट्रसघको सुरक्षा परिषदमा रुसले युद्धविराम गराउन प्रस्ताव पेस गरेको थियो । उक्त रुसी प्रस्तावलाई अमेरिका, बेलायत, फ्रान्स र जापानलगायतका देशले विफल बनाएका थिए । संयुक्त राष्ट्र संघका महासचिव एन्टेनियो गुटेरेसले पनि युद्धविराम गरी गाजाबासीको जीवन सुरक्षाको निम्ति इजरायललाई आग्रह गरेका थिए ।**

इजरायल र प्यालेस्टाइनबिचको युद्ध नयाँ होइन । सन् १९४८ मा इजरायल स्थापना हुनुभन्दा अघि यहुदीहरूको राज्य थिएन । अमेरिका र बेलायतको सहयोगमा इजरायल नामक कठपुतली राष्ट्र बनाइएको थियो ।

प्यालेस्टिनीमाथि जस्तोसुकै अन्याय भए पनि अमेरिका सधैं इजरायल को पक्षमा उभिएको थियो । प्यालेस्टाइनलाई १९४ औं स्वतन्त्र राष्ट्र घोषणा गर्न प्यालेस्टिनी राष्ट्रपति महम्मुद अब्बासले राष्ट्र संघको ६६ औं महासभामा प्रस्ताव राखेका थिए । अमेरिकाले भिटो प्रयोग गरी उक्त प्रस्तावलाई स्वीकृति दिएन । प्यालेस्टाइन देशमा प्यालेस्टिनीहरू राज्यविहीन बनाइयो । अहिले प्यालेस्टिनीहरूको आन्दोलन या संघर्ष भनेको प्यालेस्टाइन राज्य स्थापना हो ।

संयुक्त राष्ट्रसघको सुरक्षा परिषदमा रुसले युद्धविराम गराउन प्रस्ताव पेस गरेको थियो । उक्त रुसी प्रस्तावलाई अमेरिका, बेलायत, फ्रान्स र जापानलगायतका देशले विफल बनाएका थिए । संयुक्त राष्ट्र संघका महासचिव एन्टेनियो गुटेरेसले पनि युद्धविराम गरी गाजाबासीको जीवन सुरक्षाको निम्ति इजरायललाई आग्रह गरेका थिए । तर, इजरायलले उक्त आग्रहलाई स्वीकार गरेन किनकी अमेरिकी स्वार्थमा प्यालेस्टिनीहरू माथि आक्रमण गरिएकाले पनि इजरायल टसकोमस भएको छैन ।

यतिबेला युद्ध विराम गर्न इजरायल लाई विश्वव्यापी दबाब बढेको छ । इजरायली आक्रमणको विरोधमा विभिन्न मुलुकमा विरोध प्रदर्शन तथा सभा भइरहेका छन् । राज्यविहीन बनाइएका प्यालेस्टिनीहरूले अधिकारको निम्ति लड्नु बाहेकको अर्को बिकल्प पनि छैन । त्यसैले, प्यालेस्टिनीहरूको राज्य फिर्ताको आन्दोलन चालु भइरहनु स्वाभाविक छ ।

युद्ध चर्किरहेको बेला अमेरिकी राष्ट्रपति जो बाइडेन इराजयलमा गए र इजरायललाई सहयोग गर्ने घोषणा गरे । त्यस्तै बेलायतका प्रधानमन्त्री ऋषि सुनक पनि इजरायल पुगे र इजरायललाई सहयोग गर्ने वाचा गरे । यसरी विश्वमा आतंक मच्चाउने अमेरिका र बेलायतजस्ता शक्तिशाली देशहरू इजरायलको पक्षमा गए । इजरायलका प्रधानमन्त्री बेन्जामिन न्यतान्याहु पनि प्यालेस्टिनी जनताप्रति कठोर छन् । अमेरिकी विश्वासपात्र न्यतान्याहु प्यालेस्टाइन मा दमन गरेर प्यालेस्टिनीहरूलाई दबाएरै छाड्ने पक्षमा छन् । इजरायल र प्यालेस्टाइन बिचको यो युद्धमा दुवै पक्षको क्षति भएको छ । त्यसमध्ये बढी क्षति प्यालेस्टिनी तर्फ भएको छ ।

अलजजिराको पछिल्लो रिपोर्ट अनुसार अहिले गाजा क्षेत्रमा इजरायली आक्रमणमा परि दैनिक रुपमा ४ सय सर्वसाधारणको ज्यान गइरहेको छ । इजरायली सेनाको भिषण बमबारी र क्षेप्यास्त्र आक्रमणबाट गाजा क्षेत्रस्थित हमासको प्रशासनिक मुख्यालय देखि धेरै भौतिक संरचना ध्वस्त भइसकेको छ । हजारौं प्यालेस्टिनीले आफ्नो ज्यान गुमाई सकेका छन् । गाजाको अस्पतालमा हवाई आक्रमण हुँदा अस्पतालमा रहेका बिरामी, स्वास्थ्यकर्मी तथा सर्व साधारणको ज्यान गएको थियो ।

यस्तो कठिन स्थितिमा पनि आफुलाई प्रजातन्त्र र मानव अधिकारको ठेकेदार ठान्ने अमेरिका र बेलायत एकतर्फी ढंगले इजरायलको पक्षमा उभिएका छन् । विश्वमा शान्ति कायम गर्ने, शान्ति छर्ने संयुक्त राष्ट्रसंघले अमेरिका र बेलायतलाई ठाउँमा राख्न सकेको छैन । बेलायत र अमेरिकाले भने झैं संयुक्त राष्ट्रसंघ बसिरहेको छ । विश्वमा शान्ति छर्ने संयुक्त राष्ट्र संघ कुनै शक्तिशाली देशको पक्षमा उभिनु उचित होइन । यसकारण, यो बेला यी दुई देशको युद्ध विराम अन्त्य गर्न अन्तर्राष्ट्रिय मध्यस्थता जरुरी छ । संयुक्त राष्ट्रसंघले इजरायललाई आग्रह होइन दबाब दिनुपर्छ र तत्कालै युद्ध विराम गरिनु पर्दछ ।


## डिभिजन वन कार्यालय, मरिण, सिन्धुलीको चरिचरण नियन्त्रण सम्बन्धि सूचना

वनऐन २०७६ को दफा ४९ को (ङ) बमोजिम निषेध गरिएको वन क्षेत्र भित्र चौपाया प्रवेश गराएमा वा चराएमा कसुर हुने कुरा उल्लेख गरेको छ । उक्त कसुर गर्नेलाई वन ऐन २०७६ को दफा ५० को उपदफा (५) अनुसार प्रत्येक चौपायाको लागि देहायको दरले जरिवाना हुनेछ ।

(क) भेडा, बाख्रा जातको भए पचास रुपैयाँ देखि पाँच सय रुपैयाँसम्म ।
(ख) हात्ती भए एक हजार रुपैयाँ देखि पाँचहजार रुपैयाँसम्म ।
(ग) अन्य चौपायाभए एक सय रुपैयाँ देखि एक हजार रुपैयाँसम्म ।

डिभिजन वन कार्यालय, मरिण
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

# भारतीय फुलको आयत रोक्ने सरकारी निर्णय बिचौलियाको कब्जामा !



**सिन्धुली**/ फूलैफूलको पर्वका रुपमा मनाईने तिहार आउनैं लाग्दा राजधानी काठमाडौमा भारतीय फुलको ठूलो भण्डारण गरिएपछि नेपाली फुल उत्पादनमा लागेका कृषकहरुको व्यवसाय धरासायी हुने भएको छ ।

सरकारले नेपाली किसानहरुलाई सहयोग पुऱ्याउने उदेश्यले भारतीय फुल आयात रोक्ने निर्णय गरेको निर्णयको एक साता बित्न नपाउँदै राजधानी काठमाडौका बिभिन्न स्थानमा रहेको कोल्ड स्टोर्समा २० ट्रक भन्दा बढी भारतीय सयपत्री फुलहरु भण्डारण गरिएको तथ्य बाहिर आएको छ ।

सरकारी अधिकारीकै मिलेमतोमा व्यापारीले भरतबाट ठूलो मात्रामा सयपत्री फुल ल्याएर भण्डारण गरेको र अहिले नेपाली किसानले उत्पादन गरेको फुलले बजार नपाउने भएपछि यस क्षेत्रमा लागेका किसानहरुको लगानी बालुमा पानी हालेसरह हुने देखिएको हो । समाचार स्रोतका अनुसार राजधानीको वालाजु कोल्ड स्टोर्स, कालिमाटी, कुलेश्वर र पशुपति क्षेत्रमा रहेका गोदामहरुमा ठूलो मात्रामा भारतीय फुलहरु भण्डारण गरेर राखिएको छ । सरकारी अधिकारीलाई कमिशन खुवाएर व्यापारीले २ करोड भन्दा बढीको फुलहरु भण्डारण गरेर राखेको स्रोतले दाबी गरेको छ । नेपाली किसानलाई सहयोग पुग्ने लोकप्रिय निर्णय गरेको सरकारले आफ्नै निर्णयलाई कार्यान्वयनमा ल्याउन नसकेको पुष्प व्यवसायीहरुले बताएका छन् ।

पुष्प व्यवसायी मोहन महत्तो राजधानी काठमाडौमा फुलको बजारीकरणका लागि विभिन्न ठाउँमा पुग्दा भारतीय फुलहरुले गोदाम भरिएको र तपाईको फुल किन्न नसकिने बताएपछि निराश बनेकाछन् । उनले सिन्धुलीको दुधौलीमा डेढ विगाहा जग्गा भाडामा लिएर फुल व्यवसाय गरिरहेका छन् तर यस पटक उनको फुलले बजार नपाएर वारीमैं सुक्ने अबस्थामा पुगेको दुखेसो गरेका थिए । पशुपति क्षेत्रमा भेटिएका उनले भने: सरकारले भारतीय फुल आयात रोक्छौं भनेपछि हामीहरु उत्साहित भएका थियौं तर नेपाली फुलले बजार नपाएपछि सरकारनैं बिचौलीयाको चंगुलमा फसेको अनुभूति गरेका छौं ।

करिव ९ लाख रुपैयाँको लागतमा तयार भएको सयपत्री फुलले बजार नपाएर बोटमैं सुक्ने अबस्थामा पुगेपछि उनी अहिले निराश भएर सिन्धुली फर्केकाछन् ।

उनी मात्रै होइन, बारा, पर्सा, मकवानपुर चितवन, धादिङ र ललिपुर जिल्लाका फुल व्यवसायी पनि यस पटकको तिहारमा फुलले बजार नपाएपछि निराश बनेका हुन् । नेपाली बजारमा होलसेलमा ५० रुपैयाँमा तयारी माला व्यापारीले किन्न पाएपछि नेपाली पुष्प व्यसायीहरु धर ापमा परेका हुन् ।

प्रति माला १ सय १० र होलसेल ९० रुपैयाँ मूल्य निर्धारण गरेको पुष्प व्यवसायीले भारतबाट आएका भन्दा गुणस्तरीय माला र फुलहरु आफुहरुसँग भएपनि त्यसले बजार नपाउने बताउन थालेका हुन् । यता भारतीय फुल र मालामा तत्कालै नसड्ने केमिल प्रयोग हुने भएकाले पनि जनस्वास्थ्यका हिसावले उक्त माला र फुल प्रयोग गर्न नहुने चिकित्सकहरुले सुझाएका छन् । चिकित्सकहरुका अनुसार मानव स्वास्थ्यका लागि हानिकारक मानिएका विषादीहरु भण्डारण गरिएका फुल र मालामा प्रयोग गरिने भएकाले त्यसलाई प्रयोगमा ल्याउन हुँदैन ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय बागमती प्रदेश सचिव राजेन्द्र कोइरालाले भारतीय फुलले नेपाली व्यवसायीहरु मर्कामा परेको बारे उनले अनविज्ञता प्रकट गरे । उनले सरकार नेपाली फुल व्यवसायीको पक्षमा रहेकाले व्यवसायिक उत्पादनमा सहयोग गरेको बताउँदै भारतीय फुलको आयात रोक्न र सरकारको निर्देशन बिपरित काम व्यापारीलाई कारबाही गरिने दाबी गरे । तर उनले भारतीय फुल नेपालमा ल्याउने व्यापारीलाई के कारबाही हुन्छ ? सो बारे केही बताएनन् ।

# सयपत्रीले ढकमक्क दुधौलीको जरुवा क्षेत्र



**सिन्धुली**/ फूलैफूलको पर्वका रुपमा मनाईने तिहार पर्सिबाट सुरु हुँदैछ । दसैंको समयदेखिनैं घर-आँगन र करेसा वारीमा ढकमक्क फूलेको सयपत्री र मखमलीले तिहारको निम्तो दिन थालेझैं देखिन्थ्यो । यतिबेला सयपत्री फूलले सिन्धुलीको दुधौली नगरपालिका वडा नं. ८ जरुवा क्षेत्र रहर लाग्दो बनाइदिएको छ । यस वर्ष तिहार ढिलो गरी आउँदा सयपत्री फूल सुक्न थाले पछि व्यवसायिक फुलखेतीमा लागेका किसानहरुमा भने चिन्ता थपिएको छ ।

तिहारलाई लक्षित गरेर सिन्धुलीको दुधौली नगर क्षेत्रमा व्यवसायीक फूलको खेती हुने गरेको छ । हिजोआज यहाँका किसान फूल र माला बनाउन ब्यस्त छन् । राजधानी काठमाडौ र पूर्वी तराईका जिल्लाहरु नजिकै रहेको दुधौली क्षेत्रमा लगाइएको सयपत्री फूलको मनमोहक दृश्यले सबैको मन लोभ्याएको छ । यतिबेला स्थानीय व्यवसायी मोहन महत्तोले डेढ विगाह जग्गामा लगाएको सयपत्री फूलको व्यवसायिक उत्पादनले पूर्व पश्चिम मदन भण्डारी राजमार्गमा ओहोर दोहोर गर्नेलाई पनि लोभ्याएको छ ।

महत्तोले नेपालीहरुको दोस्रो ठूलो चाड तिहारमा बढि प्रयोग हुने सयपत्री फूलको व्यवसायिक रुपमा खेती गरेको पहिलो पटक हो । होटल व्यवसाय गरिरहेका महत्तोले सोचे अनुसार होटलमा ग्राहक आउन छोडे पछि बैकल्पिक रुपमा फूल खेती गरेको बताए ।

यस वर्ष तिहार पर्व ढिला भएकाले खेतमा फुलहरु सुक्न थालेको र भएको फुलले पनि बजार नपाउने हो कि ? भन्ने चिन्ताले आफुलाई सताएको उनले दुखेसो पोखेका छन् । जिविकोपार्जनको प्रमुख आधार बनाउने उदेश्यले महत्तोले फूल खेती तर्फ लागेका हुन् । यो खेतीलाई नगदे बालीको रुपमा लिइने गरिन्छ । अन्य बालीको तुलनामा किसानले दोब्बर आम्दानी फूलखेतीबाटै गर्ने आशा गरेका गरेका छन् तर, यस वर्ष भने तिहार लाग्नु अगाबैं वारीमा फुल ढकमक्क फुलेपछि भने किसानहरुको आम्दानी घटाएको उनीहरुको भनाई थियो ।

हार्दिक मंगलमय शुभकामना
शुभ दिपावली, छठ पर्व तथा बड्की एकादशी २०८० को उपलक्ष्यमा सिन्धुलीबासी बुबा, आमा, दिदी बहिनी तथा दाजु भाईमा सुख, शान्ति, सम्वृद्धि र आरोग्यको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राकेश साह
प्रोपाइटर एवम्
राकेश तरकारी पसल
परिवार, सिन्धुली

हार्दिक मंगलमय शुभकामना
शुभ दिपावली, छठ पर्व तथा बड्की एकादशी २०८० को उपलक्ष्यमा सिन्धुलीबासी बुबा, आमा, दिदी बहिनी तथा दाजु भाईमा सुख, शान्ति, सम्वृद्धि र आरोग्यको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विष्णु ढकाल
शाखा प्रबन्धक एवम्
सूर्य ज्योति लाइफ इन्स्योरेन्स
परिवार, सिन्धुली

हार्दिक मंगलमय शुभकामना
शुभ दिपावली, छठ पर्व तथा बड्की एकादशी २०८० को उपलक्ष्यमा सिन्धुलीबासी बुबा, आमा, दिदी बहिनी तथा दाजु भाईमा सुख, शान्ति, सम्वृद्धि र आरोग्यको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिनेश अधिकारी
अध्यक्ष एवम्
ग्रामिण विकास समाज
परिवार, सिन्धुली

# गणेश लाठको 'जीवन्त सम्बन्ध'को सिटी स्क्यान

मेरो हातमा 'जीवन्त सम्बन्ध' पुस्तक परेपछि तलबल थामी नसक्नु भएको थियो । पढ्न सुरु गरिहालेँ । पुस्तक पढ्दै जाँदा म फकत पाठन रहेन, लेखक, डा. ओम मूर्ति अनिलको सहयात्री भइदिएँ । म घरी लेखकका पितामा आफ्ना दिवङ्गत पितालाई खोज्न बाध्य हुन्थे, घरी लेखकभित्र चल्दै गरेको अन्तर्द्वन्द्वमा आफू स्वयम् पनि सामेल भएको अनुभव गर्थे । घरी लेखककी आमाको अवस्थासित आफ्नी आमाको अवस्था दाँज्न बाध्य हुन्थे । घरी आफ्ना पुराना सङ्घर्षका दिनको संस्मरणमा हराउँथे, घरी आफ्नो वृद्धावस्थाको कल्पना गर्न थाल्थे, घरी सन्तान तथा आफन्तहरूबारे सोच्न बाध्य हुन्थे, घरी आफ्ना आधाअपुरा कामबारे गम्न थाल्थे, घरी कुनै विश्वासपात्रबाट पाएको पीडा तरोताज भएर आउँथे । पुस्तकको अन्तिम पानामा नपुग्दासम्म म लेखकको दुनियाँमा हराइरहे । कुशल लेखनका विभिन्न लक्षणमध्ये एक दमदार लक्षण यो पनि हो । "कोठा बन्द गरेर अरूले नदेख्ने गरी म एक्लै सोचमा लिन हुन्थे । किनकि त्यो मेरो निजी लडाइँ थियो । त्यहाँ सहानुभूतिको ठाउँ थिएन । घण्टौँसम्म मेरा आँखाबाट आँसु बग्थे ।" यी भाव लेखकले पुस्तकमा आफ्ना स्वर्गीय पितालाई सम्झिँदै प्रकट गरेका छन् । यस्ता मन नै निमोठिने भावहरू पुस्तकभित्र सयौँ ठाउँमा प्रकट गरिएका छन् ।

पढ्दै गर्दा मेरा आँखाअगाडि समेत मेरा स्वर्गीय पिताको अनुहार बारम्बार प्रकट भइरह्यो, आँखा टिलपिल भइरहे । आफूले गर्न नसकेका पितासित जोडिएका कतिपय अपुरा कामहरूबारे सम्झिन थालेँ । एक दुई पटक त अनुमति नमाग्दै नुनिला थोपा पनि झरे । मनमनै गुन्न बाध्य भए, जीवन्त सम्बन्ध पढ्ने अन्य पाठकको कस्तो हविगत भएको होला । अनि लेखक स्वयम् त भक्कानिएकै होलान् । पक्का होलान्, त्यो पनि पटकपटक । त्यही भएर होला, लेखकले आभारमा 'आँसुलाई मसी बनाएर मैले पुस्तक लेखेँ' भनेका हुन् । हुन पनि हो, हरेक पानामा आँसु, आवेग, बिछोड र सम्झनाको आँधीबेहरी नै छ ।

पुस्तकमा एक ठाउँ लेखकले लेखेका छन्, "संसारमा सबैभन्दा आश्चर्य कुरा के हो भनेर यक्षले प्रश्न गर्दा युधिष्ठिरले फर्काउँछन्– संसारमा हरेक पल मानिसले आफ्नो आँखाअगाडि प्राणीको मृत्यु देखि राखेको हुन्छ । उसको पनि एक दिन मृत्यु निश्चित छ । तर उसले मृत्युबारे कल्पना कहिल्यै कल्पना गर्दैन ।
यसभन्दा ठूलो संसारको आश्चर्य के हुन सक्छ ?" विपश्यनाका गुरुजी, श्रद्धेय सत्यनारायण गोयन्का भन्नु हुन्छ, "मृत्यु त शाश्वत सत्य हो, यसलाई अनिष्ट मान्नु नै हाम्रो ठूलो दुर्बलता हो ।" उनी स्वयम्ले शरीर त्याग्दा उनको अनुहारमा भय अथवा पिडाको झिनो अंश पनि थिएन । त्यस्तो सजग, सहज, सचेत मृत्युवरण गर्ने प्रज्ञावान् व्यक्तित्व विरलै हुन्छन् । लेखकले पनि महान् व्यक्तित्वहरू मृत्युवरणको चर्चा गरेका छन् । तथापि आफन्त गुमाउनुको पीडाबाट उठ्न त्यति सजिलो रहेनछ भन्ने पनि भाव प्रकट गरेका छन् । समयले घाउ दिन्छ भने समयले मलहम पनि लगाउँदो रैछ भन्ने सन्देश पनि दिन खोजेका छन् ।
पुस्तकमा एक ठाउँ लेखिएको छ "अनि मैले आमालाई भनेँ, आमा, हजार कोसिस गर्दा पनि बुबाले भगवान्को काख रोज्नुभयो ।" त्यो क्षणबाट म पनि गुज्रिसकेको छु, आफ्नो मनको आवेगलाई लुकाएर यसरी बोल्न सक्नु चानचुने काम होइन रै'छ । 'त्यो क्षणको कल्पना गर्दा मेरो आज पनि आङ सिरिङ्ग हुन्छ । यस्तो कठिन क्षणमा गर्ने किन ? के ? कसरी ? जस्ता हजारौँ प्रश्नवाचक चिन्ह मगजमा उम्रिन थाल्छन् । जवाफ दिने कोही हुँदैन ।' यसबारे पुस्तकमा बिस्तारपूर्वक सम्झाउने प्रयास गरिएको छ । यस पुस्तकमा पुत्र-धर्म, पति-धर्म, पिता-धर्म, चिकित्सक-धर्म र सामाजिक-धर्म आदिबारे ठाउँठाउँमा चर्चा झिकिएको छ । साथसाथै हरेक धर्मको निर्वहन गर्दागर्दै ठूलै धर्मसङ्कटबाट गुज्रिनु परेको अवस्थाबारे पनि बडो रोचक ढङ्गले वर्णन गरिएको छ । लेखकलाई मृत्यु भोज ठीक लाग्दैन, सामाजिक-धर्मको निर्वहन गर्दागर्दै नरुचाएको काम गर्न बाध्य हुन्छन् । झुठो बोल्न चाहँदैनन्, तर कसैको ज्यान जोगाउने मनसायले बोल्न बाध्य हुन्छन् ।

मेरो विचारमा जीवन भनेको आरोह-अवरोह र घुम्तीले भरिएको एक यात्रा त हो । यात्रा सकिएको हुन्छ, तर गोडाका छाप जसको तस नै रहन्छन् । यो पुस्तकमा त्यही छापलाई लिपिबद्ध गरिएको छ । लिपिबद्ध गर्दैगर्दा लेखक बीचबीचमा चिकित्सकको रूप धारण गर्छन्, कहिलेकाहीँ अध्यात्मका विद्यार्थी भइदिन्छन् । अनेक ठाउँमा उनले पौराणिक ग्रन्थका कुराहरू पनि झिकेका छन् ।
कतिपय ठाउँमा लेखक मान्छेको भावनात्मक अवस्था र सोबाट हुने शारीरिक प्रभावबारे सरल पारामा सम्झाउने प्रयास गरेका छन् । आफ्ना सङ्घर्षका कथाहरू पनि सुनाएका छन् । बिहेअगाडिको प्रेमिल सम्बन्धबारे पनि रोचक ढङ्गले चर्चा झिकेका छन् । चिकित्सक होउन् अथवा उनका सहायक, उनीहरूभित्र पनि संवेदना हुन्छ, चिकित्साको क्रममा मरिजको खुसीमा रमाउँछन् भने मरिजलाई अप्ठेरो पर्यो भने रुन्छन् पनि । लेखकले ठाउँठाउँमा आञ्चलिक शब्दहरू प्रयोग गरेका छन् । मैथिली भाषीसँगको संवादलाई मैथिलीमा समेत राखिदिएका भए लेखन झनै स्वादिलो हुन्थ्यो । खैर, कुल मिलाएर यो पुस्तकमार्फत लेखकले आफूभित्र संरक्षित कुराहरूमध्ये सक्दो बढीसे बढी कुरा पाठकसम्म ल्याउने प्रयासमा सफल भएका छन् ।
लेखकले अनेक गम्भीर विषयउपर वैचारिक शल्यक्रिया गरेका छन् । पुराना पुस्ताको जीवन उत्तरार्द्धतिर लाग्दा उनीहरु आफूलाई असुरक्षित, एक्लो र उपेक्षित किन अनुभव गर्न थाल्छन् ? पुस्तान्तरणको खाडलका कारण के के हुन सक्छन् ? खाडल पुर्ने उपाय के के हुन सक्छ ? यावत गहन विषयउपर लेखकले बडो सटिक र सरल दृष्टान्तका साथ जवाफ दिने प्रयास गरेका छन् । त्यति मात्र होइन, 'असाध्य किसिमका रोगबाट गल्दै गएका मानिसभित्र शारीरिक मात्र होइन, भावनात्मक समस्याहरू देखा पर्न सक्छ । त्यतिबेला आफन्तले धैर्यधारण मात्र गर्ने होइन, रोगी मान्छेलाई भावनात्मक रूपमा आत्मबल दिन सक्नु पर्छ' भन्ने कुरो चिकित्सकीय दृष्टिकोणबाट समेत लेखकले सम्झाउने प्रयास गरेका छन् ।
निचोडबारे कुरो गर्ने हो भने लेखकले नयाँ पुस्तालाई सन्देश दिन खोजेका छन्, "पुराना पुस्तासँग ज्ञानको भण्डार हुन्छ, जति सक्छौ उनीहरूको कन्थो सुन । उनीहरूसँग माया र आशीर्वचनको खजाना हुन्छ, जति सक्छौ पाकाहरूको न्यानो सानिध्यतामा समय बिताऊ । उनीहरू जुन जमानामा हुर्किएका थिए, त्यो जमानाको हिसाबले उनको मनोभाव बुझ्ने प्रयास गर । उनीहरूका अपुरा अकाङ्क्षा के के हुन्, बुझ्ने प्रयास गर, जति सक्छौ, पुरा गर । उनीहरूको बृद्धहठलाई अन्यथा नलेऊ ।
आज उनीहरू जुन अवस्थामा छन्, भोलि म पनि त्यही पुग्दै छु- सदैव हेक्का राख्नू । औषधीले जिउको घाउ ठीक हुन सक्छ, मनको घाउलाई ठीक पार्न माया, सानिध्यता र परस्पर संवाद नै चाहिन्छ । फोटो अगाडि उभिएर पछुतो मनाउ गर्नुभन्दा आज नै आफ्नो व्यवहारलाई सच्याऊ । भोलि शब्दको भरमा नबस, जे गर्नु छ, आजै गरिहाल । कसैसित क्षमा माग्न छुटाएको छौ भने आज नै त्यो काम सक्याइहाल । कसैप्रति आभारी छौ भने आज नै कृतज्ञता जाहेर गरी हाल ।"
प्रतिक्रिया लेख्दै गर्दा मलाई साहिर लुधियानवीको एउटा गीत कानमा सुसाइरह्यो, "संसार की हर शय का इतना ही फसाना है, एक धुँध से आना है, एक धुँध में जाना है'।" खैर, तत्कालको लागि विट मार्ने बेला भयो । जाँदाजाँदै मैले ठोकुवा गरिहाले, "जीवन्त सम्बन्ध पढ्नै पर्ने पुस्तक हो । पुराना र नयाँ, दुवै पुस्ताले ।"

## सातको कविता

### साँध



स्मृति रोकाया

कस्तो है यो साँध पनि
माटो अनि यो धर्ति
कसैको स्थायी हैन
त्यही पनि बा र काका
बारीको बीचमा साँध बनाउँछन्
फेरि काकालाई चित्त बुझ्नेन
हजुर बालाई सोध–
मलाई कम दाजुलाई औधी किन ए बा !
तिमीलाई दाजुले पाल्छ जाऊ उतै

सम्बन्धमा पनि साँध
दाजुलाई भाउजू नजिक, बहिनी पराइ
आमालाई बुहारी नजिक छोरी पर
छोरीलाई ज्वाईं र सासूससुरापट्टि पनि साँध

आँशु छ नि त्यो
दु:खकै मात्र हुन्छ कस्ले भन्यो ?
छोरा जन्मिए र पनि रोइन् आमा
छोरी जन्मिएर पनि रोइन्
फेरि कोही नजन्मिदा पनि रोइन्
कतै प्रेम प्रस्ट थियो
कतै साइनो स्पस्ट थियो
जे प्रस्टिए पनि साँध टुटेन

फेरि तिम्रो र मेरो मनमा साँध छ
जे तिमीले चाहन्छौ त्यो मैले किन गरिनँ
आ–आफ्नै स्वभाव हुन्छ
रगत हो रातो हुन्छ
तर भित्र कुरुप फरक हुँदो हो

यो आकाश यो जमिन
यो पानी यो हावा
प्रकृतिमा पनि साँध !













# पृथ्वीबाट गाजा क्षेत्रलाई नामेट पार्ने इजरायली मन्त्रीको उद्घोष



**जेनेभा**/ यो वर्षको आरम्भमा इजरायली वित्तमन्त्री बेजालेल स्मोत्रिचले पेरिसमा भएको एक कार्यक्रममा भने, "प्यालेस्टिनी भन्ने केही छँदै छैन किनभने प्यालेस्टिनी जनता नामको केही पनि छैन ।" उनले पश्चिम किनार क्षेत्रस्थित हुवारा नामक नगरलाई "इजरायलले ध्वस्त पार्नुपर्छ" पनि भने । गाजामा मारकाट मच्चाउनुभन्दा केही हप्ताअगाडि संयुक्त राष्ट्रसंघको महासभामा बोल्दै इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले "नयाँ मध्यपूर्व" को भन्दै पश्चिम किनार, गाजा वा पूर्वी जेरुसेलम नभएको नक्सा देखाए ।
बुधबार इजरायली राष्ट्रवादी दल लिकुद पार्टीकी संसद सदस्यले जे बोलिन त्यसबाट इजरायली सरकार गाजामाथि बमबारी गर्दै त्यहाँ बासोबास गर्दै आएका २० लाखभन्दा बढी प्यालेस्टिनी जनताको नरसंहारमा उत्रेको प्रमाणित हुन्छ । ती प्यालेस्टिनीहरूलाई मार्न र तिनलाई जबर्जस्ती हटाउन आह्वान गर्दै इजरायली संसदमा ती सांसद्ले भनिन्, "गाजालाई नामेट पार्नुपर्छ ।"

संरा अमेरिकालगायत पश्चिमा देशहरूको सहयोगमा इजरायलले गत अक्टोबर ७ यता हमास समूहलाई नष्ट गर्न गाजा सहरमाथि बमबारी अनिवार्य छ भन्दै आएको छ । अक्टोबर ७ मा हमासले दक्षिणी इजरायलमाथि अचानक हमला गरेको थियो । हमलामा परेर १४ सय मानिस मारिएका थिए भने २०० भन्दा बढी मानिसहरू घाइते भएका थिए । यद्यपि इजरायली सेनाले लगातार सर्वसाधारण जनतालाई तारो बनाउँदै आएको छ र झन्डै ९ हजार प्यालिस्टिनी जनतालाई मारिसकेको छ । मृतकहरूमध्ये ३५ सय त बालबालिका मात्र छन् ।

हमास समूहका लडाकुहरूले शरीरमा राखेका क्यामेराबाट अक्टोबर ७ मा फुटेजहरू खिचिएको थियो । ४५ मिनेटसम्म ती फुटेजहरू देखाएपछि इजरायली सांसद एवम् पूर्व सार्वजनिक कूटनीतिमन्त्री गालित दिस्तेल आत्बारियानले फेसबुकमा एउटा पोस्ट गरिन् । त्यसमा उनले इजरायली अधिकारीहरूले आफ्नो सम्पूर्ण बलबुता लगाएर "एउटै कुरामा अर्जुन दृष्टि लगाउनुपर्छ र पृथ्वीबाट गाजा क्षेत्रलाई नामेट पार्नुपर्छ" भनिन् ।

"ती बहादुर राक्षसहरू दक्षिणी तारबार नाघ्नेछन् र इजिप्टको भूभागमा पस्नेछन्", आत्बारियानले भनिन् । उनले इजरायली आक्रमणमा परेर ज्यान जोगाउँदै प्यालेस्टिनीहरू इजिप्टको साइनाइ प्रायःद्वीपतिर भाग्ने र यसप्रकार तिनलाई सदाका लागि धपाउने इजरायली योजनातिर सङ्केत गरिन् । पत्रपत्रिकामा आएको यो इजरायली योजनालाई 'दोस्रो नकबा' को रुपमा हेरिँदै छ । सन् १९४७-४८ मा 'पहिलो नकबा' भएको थियो । त्यसमा परेर साढे ७ लाख प्यालेस्टिनीहरू विस्थापित भएका थिए भने १५ हजारभन्दा बढी मारिएका थिए ।

आत्बारियानले भनिन्, "नत्र तिनलाई यही मर्न देऊ । गाजालाई नामेट पार्नैपर्छ । यहाँनिर बदला लिने भावना भएका कडा इजरायी सेनाको आवश्यकता पर्छ । यसमा खरो नउत्रे अनैतिक हुनेछ ।"

"(आत्बारियानको फेसबुक पोस्टले) नरसंहारकारी नियत प्रस्ट्याउँछ", फ्राङ्क म्याकडोनल्डले भने । उनी 'आइरिस टाइम्स' का पूर्व वातावरणीय सम्पादक एवम् लेखक हुन् ।

आत्बारियानले भनेजस्ता अनेक सार्वजनिक भनाइ आए पनि अमेरिका र अन्य पश्चिमा सरकारहरूले 'इजरायल मध्यपूर्वको एकमात्र प्रजातान्त्रिक देश हो' भन्दै जोड दिन छोडेको छैन - लेखक तथा संगठक फियोना एडवर्ड्सले भनिन् ।

इजरायली सरकारले गाजामा जस्तो हिंसात्मक योजना लागु गर्दैछ त्यसलाई विश्वसामु दम्भपूर्वक घोषणा गर्ने इजरायली अधिकारीहरूको लहरमा आत्बारियान पछिल्ली पात्र मात्र हुन् । अक्टोबर ७ को घटना र त्योभन्दा अगाडि पनि यस्ता अभिव्यक्तिहरू आइरहन्थे ।

इजरायली रक्षामन्त्री योआभ गालान्तले गाजाबासीहरूलाई 'नरपशु' भने र गाजालाई 'पूर्णरुपमा कब्जा' गर्न आदेश दिए । उनले गाजामा रसद, इन्धन र बिजुलीको आपूर्तिलाई ठप्प पार्न आदेश दिएका छन् । जब कि गाजाबासीमध्ये आधा बालबालिका छन् ।

पूर्व सैन्य अधिकरी एलियाहु योसियनले इजरायली सेनालाई 'बदला लिने भावनाले नैतिकता नै नराखी धेरैभन्दा धेरै लास जम्मा गर्ने उद्देश्यले' गाजामा पस्नुपर्छ भने । उनले गत सोमबार इजरायली मिडिया 'च्यानल १४' लाई "गाजामा मान्छे नैं छैनन्, २५ लाख आतंकवादीहरू छन्" भने ।

यो वर्षको आरम्भमा इजरायली वित्तमन्त्री बेजालेल स्मोत्रिचले पेरिसमा भएको एक कार्यक्रममा भने, "प्यालेस्टिनी भन्ने केही छँदै छैन किनभने प्यालेस्टिनी जनता नामको केही पनि छैन ।" उनले पश्चिम किनार क्षेत्रस्थित हुवारा नामक नगरलाई "इजरायलले ध्वस्त पार्नुपर्छ" पनि भने । गाजामा मारकाट मच्चाउनुभन्दा केही हप्ताअगाडि संयुक्त राष्ट्रसंघको महासभामा बोल्दै इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले "नयाँ मध्यपूर्व" को भन्दै पश्चिम किनार, गाजा वा पूर्वी जेरुसेलम नभएको नक्सा देखाए ।

"उनीहरू जातीय नरसंहार मच्चाउने ताकमा छन् भन्नेमा अझै पनि शंका छ र ?", बुधबार आत्बारियानको वक्तव्य आएपछि मुहम्मद शेहादाले भने । शेहादा मानव अधिकार निगरानी समूहका सम्पर्क प्रमुख हुन् । सांसद आत्बारियान नेतन्याहुको दल लिकुद पार्टीकी नेता हुन् । उनले नेतान्याहुकै बोली बोल्दै आएकी छिन् । (एमआर अनलाइनबाट नेपाली अनुवाद )













# तेस्रो माझी राष्ट्रिय गोल्ड कपको उपाधि सिन्धुलीलाई



तेस्रो राष्ट्रिय माझी गोल्ड कपको उपाधि नेपाल माझी सङ्घ सिन्धुली ए ले जितेको छ। मङ्गलवार भएको फाइनल प्रतिस्पर्धामा नेपाल माझी सङ्घ रामेछापलाई हराउँदै नेपाल माझी सङ्घ सिन्धुली ए ले उपाधि कब्जा गरेको हो।

पहिलो र दोस्रो राष्ट्रिय माझी गोल्ड कपको उपाधि कब्जा गर्दै आएको नेपाल माझी सङ्घ रामेछापले तेस्रो राष्ट्रिय माझी गोल्ड कपमा उपविजेतामा चित्त बुझाएको छ। खेलको निर्धारित समयमा नेपाल माझी सङ्घ रामेछापले दुई गोल र नेपाल माझी सङ्घ सिन्धुली ए ले दुई गोल गरेपछि बराबरी गोलमा समय सकिएको थियो। नेपाल माझी सङ्घ सिन्धुलीका अध्यक्ष बबिन्द्रलाल माझीका अनुसार पेनाल्टी सुट आउटमा नेपाल माझी सङ्घ सिन्धुली ए ले नेपाल माझी सङ्घ रामेछापलाई ७-६ गोल अन्तरले पराजित गरेको हो। विजेता सँगै नेपाल माझी सङ्घ सिन्धुली ए ले २ लाख ६५ हजार ५५५ रुपैंया नगद पुरस्कार सहित ट्रफि मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। नेपाल माझी सङ्घ रामेछापले १ लाख ३२ हजार २२२ रुपैंया नगद पुरस्कार सहित ट्रफि मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगितामा तेस्रो हुने नेपाल माझी सङ्घ सुनसरीले ६६ हजार ६६६ नगद पुरस्कार प्राप्त गरेको छ। प्रतियोगितामा चौथो हुने नेपाल माझी सङ्घ सिन्धुपाल्चोकलाई २५ हजार नगद पुरस्कार प्रदान गरिएको छ।

# इतिहासमा ५ पटक रिलिज भएको एउटै फिल्म



२५ वर्षअघि भारतमा एउटा ब्लकबष्टर फिल्म रिलिज भएको थियो। यो फिल्म दिलवाले दुल्हनिया ले जाएंगे, गदर र मुगल-ए-आजमकै स्तरको फिल्म थियो। यो फिल्मको क्रेज यस्तो थियो कि निर्माताहरुले यो फिल्म ५ पटक रिलिज गरेका थिए। सिनेमा इतिहासको यो दूर्लभ घटना थियो। आमिर खानको यो फिल्मले उनको शुरुआती करियर का २५ फिल्मले भन्दा दुई गुणाभन्दा धेरै कमाई गरेको थियो। यो फिल्म थियो सन् १९९६ मा रिलिज भएको राजा हिन्दुस्तानी। यो फिल्मको नाम अहिले पनि डीडीएलजे, गदर जस्ता बलिउडको अल-टाइम हिट फिल्ममा आउँछ। यो फिल्मको पाँच ओटा रिलिज डेट थियो। अर्थात् यो फिल्म ५ पटक रिलिज भएको थियो। देश दुनियाँमा फरक फरक ५ मितिमा रिलिज भएको यो इतिहासकै पहिलो फिल्म भएको फिल्मका निर्देशक धर्मेश दर्शनले भनेका थिए। फिल्म नोभेम्बर ११ मा केही ठाउँमा रिलिज भएको थियो। प्रदर्शकहरुले सोमबार पनि रिलिज गर भन्दै माग गर्न थाले। फिल्मको क्रेज बढ्दै गयो। मंगलबार अरु सिनेमा हलहरुमा फिल्म रिलिजको माग आउन थाल्यो। राजश्री र यश चोपडा फिल्मको रिलिजमा ध्यान दिइरहेका थिए। फिल्म बुधबार र बिहीबार अरु ठाउँमा पनि रिलिज भयो। यसरी यो फिल्म एक हप्तामै ५ भिन्दा भिन्दै दिनमा फरक फरक ठाउँमा रिलिज भयो। यो फिल्मको गीत निकै चर्चित भएका थिए। करिष्मा कपुर र आमिर खानको जोडीलाई पनि निकै रुचाइयो। यो फिल्म दुबैको करियर को सबैभन्दा ठुलो हिटमध्येमा पर्दछ। बक्स अफिस इन्डियाको रिपोर्ट अनुसार राजा हिन्दुस्तानी ५ करोड ७५ लाख रुपयाँमा बनेको थियो। फिल्मले संसारभरमा ७६ करोड ३४ लाख रुपैयाँको व्यापार गरेको थियो। धर्मेश दर्शनले करियरमा जम्मा ७ फिल्म निर्देशन गरेका थिए। यीमध्ये राजा हिन्दुस्तानी सबैभन्दा ठुलो हिट थियो।

# फिल्म 'चित्रा'को गीत 'नजरैको हानाहान' सार्वजनिक

राजनराज सिवाकोटी र मिलन नेवारको स्वरमा फिल्म 'चित्रा'ले पहिलो गीत सार्वजनिक गरेको छ। तिहारलक्षित 'नजरैको हानाहान' गीतमा राजनराजकै शब्द तथा संगीत छ।

सन्तोष अधिकारी फिल्म्सकफ ब्यानर एवं अस्याप इन्टरटेनमेन्ट नेपाल र अस्ट्रेलियाको सहकार्यमा निर्माण भएको यो फिल्मले तिहारको देउसीभैलोलाई लक्षित गर्दै गीत सार्वजनिक गरेको हो। प्रवीण सिंहको नृत्य निर्देशन रहेको गीतलाई पोखराका रमणीय स्थलमा छायांकन गरिएको छ। गीतमा फिल्मका मुख्य कलाकार सन्तोष अधिकारी र शुभेच्छा खड्का फिचर्ड छन्।

घनश्याम लामिछाने निर्देशित फिल्मले बाबु र छोरीको सम्बन्धको कथालाई प्रस्तुत गरेको छ। फिल्मलाई पुस २७ गते नेपाल र अष्ट्रेलियामा रिलिज गर्ने तयारी छ। फिल्ममा मेनुका प्रधान, प्रमोद अग्रहरी, अर्पण थापा, अञ्जना बराइली, सिम्रन खड्का, आयुशी ढकाल, विनोद पौडेल, कपिल शर्मा, कुमार गुरुङ, उज्ज्वल ढकाल, दीपेश गजुरेल र प्रकाश घिमिरे लगायतको अभिनय छ। आशिष थापा मगर निर्माता र सन्तोष अधिकारी कार्यकारी निर्माता रहेको फिल्ममा अजय अधिकारीको कथा, मनिष गौतमको पटकथा छ। निर्माता अधिकारीको 'डलर एयुडी' नामक फिल्मको छायांकन तिहारपछि सुरु हुने जनाइएको छ। 'घर' र 'आमा' फिल्मका सहनिर्माता समेत रहेका सन्तोष अधिकारीले निर्माण गरेको अर्को फिल्म 'तीन जन्तु' प्रदर्शनको तयारीमा छ।


शुभकामना हार्दिक मंगलमय

शुभ दिपावली, छठ पर्व तथा बड्की एकादशी २०८० को उपलक्ष्यमा सिन्धुलीबासी बुबा, आमा, दिदी बहिनी तथा दाजु भाईमा सुख, शान्ति, सम्वृद्धि र आरोग्यको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नवराज पहाडी
अध्यक्ष एवम्
सामुहिक सरोकार समाज
परिवार, सिन्धुली



अब घरमा चाहिने सम्पूर्ण सामानहरू एकै ठाउँमा
Opening time : 7 am to 8 pm
SINDHULI MART
कमलामाई न.पा.-६, रातमाटा, सिन्धुली
सम्पर्क नं.: ९८५४०४१५०५



9828889707
9840908200
Kamalamai nursery
Kamalamai municipality 6, Dhurabazaar, Sindhuli
हामीकहाँ रुद्राक्ष, रक्त चन्दन, धुपी, आँप, कटहर, लिची, नास्पाती, कागती, जुनार, सुन्तला इन्डोर र आउटडोर प्लान्ट, विभिन्न जातका फुलहरु, विवाह व्रतन्धका लागि फुल र दुबोका मालाहरु, आकर्षक सिजनल फुलहरु पाइन्छ। साथै घर तथा रेष्टुरेष्ट आदी सजावट र गार्डेनिङका कामहरुपनि गरिन्छ।



एम्बुलेन्स चाहिएमा
तिलकुमारी बस्नेत स्मृति सामाजिक प्रतिष्ठान सिन्धुली
द्वारा सञ्चालित एम्बुलेन्स गाडी
रमेश श्रेष्ठ
९८४५०८०८२
९८१२१५४६२७



कन्चन बुटिक तथा कन्चन सिलाई हाउस एण्ड कपडा पसल
कमलामाई न.पा.-६, २ नं. बजार, सिन्धुली
047-520724
9811409291
9854041724
यहाँ लेडिज एण्ड जेन्सको कोट, पेन्ट, शर्ट सिलाउनुका साथै कलेज र स्कूलको ड्रेस पनि पाइन्छ।



सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पवन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकारः केशवप्रसाद गौतम ई-मेलः news.pradesh@gmail.com, बेभः www.epradeshkhabar.com मुद्रणः लालिगुरांस अफसेट प्रेस, सिन्धुली